# वीरगन्ज राजपत्र

## स्थानीय सरकार

**वीरगन्ज महानगरपालिकाद्वारा प्रकाशित**

**खण्ड (२) वीरगन्ज मार्ग महिना २५ गते २०७५ साल संख्या ९**


**भाग– २**

वीरगन्ज महानगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को (२) बमोजिम वीरगन्ज महानगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको कार्याविधि नं ९

कार्यविधिको नाम – वीरगन्ज महानगरपालिकाको **मालसामान लिलाम विक्री सम्बन्धी कार्यविधि २०७५**

**प्रस्तावनाः**

वीरगन्ज महानगरपालिकाको नगर सभाबाट पारित भई लागू रहेका छुट्टाछुट्टै कानुनमा भएको व्यवस्था बमोजिम महानगरपालिकाले जफत गरेका वा महानगरको कानुनी कारवाहीका क्रममा नगरपालिकाको नियन्त्रणमा आइ तोकिएको म्याद भित्र सम्बन्धित धनीले फिर्ता नलगेका जुनसुकै किसिमका मालसमान एवम् पुराना सवारी साधन,चौपाया र महानगरपालिका र महानगरपालिका अन्तर्गतका वडा कार्यालयमा रहेको पुराना मेशिन औजार, भारी उपकरण,पुरानो सवारी साधन तथा जिन्सीका रुपमा आम्दानी बाँधी राखिएका पुराना भई कार्यालयमा प्रयोजनहीन रुपमा रहेका अन्य सरसामानहरू आदि लिलाम विक्री गर्ने प्रयोजनका लागि वीरगन्ज महानगरपालिकाको कार्यपालिका बैठकले वीरगन्ज महानगरपालिकाको **माल सामान लिलाम विक्री सम्बन्धी कार्यविधि २०७५** बनाई जारी गरेको छ ।

## परिच्छेदः-१

**१. सङ्क्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधिको नाम वीरगन्ज महानगरपालिकाको मालसामान लिलाम सम्बन्धी कार्यविधि -२०७५ रहने छ ।

ख. यो कार्यविधि वीरगन्ज महानगरपालिकाको कार्यपालिकाबाट पारित भइ प्रमुख प्रशासकीय अधिकृतले प्रमाणीकरण गरेपश्चात लागू हुने छ ।

**२. परिभाषा**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क. "कार्यविधि" भन्नाले वीरगन्ज महानगरपालिकाको मालसमान लिलाम सम्बन्धी कार्यविधि -२०७५ लाई सम्झनु पर्ने छ ।

ख. "कार्यपालिका" भन्नाले वीरगन्ज महानगरपालिकाको कार्यापालिकालाइ जनाउने छ ।

ग. "तोकिएको" वा "तोकिए" बमोजिम भन्नाले यस कार्यविधि वा नगरकार्यपालिका बैठकले बेलाबेलामा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

घ."समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित भएको समितिलाई सम्झनु पर्छ ।

**३. उद्देश्य**

यस कार्यविधिको उद्देश्य निम्न अनुरुप रहेको छ :

क. वीरगन्ज महानगरपालिकाले कानुन बमोजिम जफत गरेका सरसामानको समयमा नै उचित व्यवस्थापन गर्ने ।

ख. कानुन विपरित गतिविधि गरेको आरोपमा महानगरपालिकाको नियन्त्रणमा परि आएका पुराना सवारीसाधन लगायतका अन्य जुनसुकै किसिमको मालसमान र चौपाया समेत सम्बन्धित धनी तोकिएको समयभित्र कार्यालयमा उपस्थित भइ लागेको जरिवाना बुझाइ फिर्ता नलगेको अवस्था भएमा त्यस्ता मालसामान तथा चौपायाको समेत लिलाम विक्री गरी उचित व्यवस्थापन गर्ने ।

ग. वीरगन्ज महानगरपालिका कार्यालय यस अन्तर्गत रहेका सबै वडा कार्यालय तथा अन्य कार्यलयहरूमा प्रयोगहिन अवस्थामा रहेका तथा पुराना भइ सडीगली सकेका सबै किसिमका मालसमान तथा पुराना सवारी साधानहरू समेत लिलाम विक्री गरी कार्यालयलाई परिसर सफा राख्ने तथा यसका माध्यमबाट न. पा. को आम्दानीको स्रोत समेत बृद्धि गर्ने ।

**४.कार्यविधि कायार्न्वयनका लागि समिति**

यो कार्यविधि अनुरुप लिलाम विक्री गर्ने प्रयोजनका लागि निम्न बमोजिमको समिति रहने छ :-
यो समितिले गरेको निर्णय अनुसार लिलाम विक्री हुने छ ।

क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको उपसचिव स्तरको कर्मचारी – संयोजक
ख.नगर प्रमुखले तोकेको नगरकार्यपालिकाको सदस्य – सदस्य
ग. यथासम्भव लिलाम गर्नुपर्ने मालसमान सम्बन्धी ज्ञान भएको  प्राविधिक कर्मचारी–सदस्य
घ. वीरगन्ज महानगरपालिकाको कानुनी सल्लाहकार– सदस्य
ङ.आ.प्र. महाशाखाको अधिकृत स्तरको कर्मचारी – सदस्य
च. महानगरपालिकाको जिन्सी शाखाको प्रमुख – सदस्य सचिव

**५.लिलाम विक्री गर्न गर्न सकिनेः**

क. वीरगन्ज महानगरपालिकाको नगरकार्यपालिकाको कार्यालयमा रहेका पुराना भइ प्रयोग गर्न सकिने अवस्थामा नरहेका भनी प्राविधिकबाट परीक्षण भएका सवारी साधनरमेशिनरी औजारहरू समेत लिलाम विक्री गर्न उपयुक्त हुने भनी कार्यपालिकाले ठहर गरेका मेशिनरी सामान र पुराना सवारी साधनहरू ।

ख. नगरकार्यपालिकाको कार्यालय र यस अन्तगर्तका वडा कार्यालय लगायतका कार्यालयमा रहेका पुराना भइ प्रयोग विहिन भएका र मर्मत संभारबाट समेत पुनः प्रयोग गर्न सकिने अवस्था नरहेका फर्निचर लगायतका जिन्सी समानहरू ।

ग. वीरगन्ज महानगरपालिकाको स्थानीय कानुन बमोजिम जफत भई आएका मालसमानहरू ।

घ. वीरगन्ज महानगरपालिकाको स्थानीय कानुन कार्यान्वयनको सिलसिलामा नगरप्रहरीले नियन्त्रण गरी नगरपालिका कार्यालयमा दाखिल गरेका सबै किसिमका सामान पुराना सवारी साधान एवम् चौपायाहरू तोकिएको समय भित्र जरिवाना बुझाइ फिर्ता लग्न गरिएको सूचना भित्र सम्बन्धित धनीले फिर्ता नलगेका सामान पुराना सवारी साधन तथा चौपाया ।

**६.समितिको काम कर्तव्य र अधिकार**

क. दफा ५ मा उल्लेखित लिलाम विक्री गर्नु पर्ने सबै वर्गका सरसामानहरू लिलाम विक्री गर्न प्रयोजनका लागि न्यूनतम मूल्याङ्कन कायम गर्ने ।

ख. समितिले मूल्याङ्कन कायम गर्दा देहायका कुरामा विचार गर्नुपर्दछ :-

अ. वजारको प्रचलित मूल्य ।

आ. लिलाम विक्री हुने सामानको अवस्था, उपयोगिता, सेवा आयु, ह्रासकट्टी र अवशेष मूल्य ।

इ.सवारी साधन वा मेशिन औजार भए बनेको साल, मोडल आउटडेटको अवस्था ।

ई.भन्सार नतिरेका मालसमानको मूल्य कायम गर्दा भन्सार मूल्य समेत समावेश गरी सो शुल्कमा समेत ह्रास कट्टा गर्नुपर्ने छ ।

समितिले मूल्याङ्कन गर्दा सम्बन्धित विशेषज्ञबाट परीक्षण गराई लिलाम विक्री गर्न लागेको सरसामान पुन प्रयोग हुन सक्ने नसक्ने वा मर्मत गर्दा लाग्ने लागत समेतलाई दृष्टिगत गरी मूल्य कायम गर्नुपर्ने छ ।

ग. लिलाम विक्री गर्नुपर्ने मालसमानको पहिचान एवम् यकिन गर्ने ।

## <u>७. लिलाम गर्ने कार्यविधि</u>

क. दफा ६ बमोजिम लिलाम विक्री गर्ने मालसमानको मूल्य तय भए पश्चात प्रमुख प्रशासकीय अधिकृतको आदेशमा सम्बन्धित शाखाले लिलाम विक्री गर्नुपर्ने मालसमानहरूको सूचि तयार गरी नगरकार्यापालिकाको बैठकमा पेश गर्नुपर्ने छ । नगरकार्यापालिकाको बैठकबाट सूची बमोजिमका मालसमानहरूको लिलाम बिक्री गर्ने सहमति प्रदान भएपछि लिलाम सम्बन्धी कारवाही सुरु हुने छ ।

ख. उपदफा क बमोजिम लिलाम विक्री गर्न बोर्डबाट सहमती प्रदान भएका मालसामानहरू लिलाम विक्री गर्नका प्रयोजनका लागि एकलाख रुपैया सम्मको माल समान भए १५ दिन सम्म र सो भन्दा बढि मूल्यको मालसमान भए २१ दिन सम्मको म्याद दिई देहायका कुरा समेत खुलाई सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ :-

अ. लिलाम विक्री गर्ने मालसमानको विवरण ।

आ. मालसमानको न्यूनतम मूल्य ।

इ. लिलाम बढाबढ हुने स्थान समय र मिति ।

ई. न्यूनतम मूल्यबाट नै बढाबढ हुने कुरा ।

उ. लिलाम सकार गर्ने डाँक बोल्नु अघि नै बोलिएको अंकको दश प्रतिशतले हुने नगद धरौटी राख्नु पर्ने कुरा तथा डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानुपर्ने कुरा ।

ऊ. लिलाम सकार गरेको मालसमान उठाइ लैजानुपर्ने अबधि र अन्य आवश्यक कुराहरू

ग. लिलाम सकार गरेको जिन्सी मालसमान तोकिएको समयभित्र कवोल गरेको पूरा रकम बुझाइ नउठाएमा सो वापत राखिएको धरौटी जफत गरी पुनः लिलाम विक्री गरिने छ ।

घ. लिलाम विक्री गरिने मालसमान मेसिनरी औजार वा सवारी साधन भएमा त्यस्तो मेसिनरी औजार वा सवारी साधनको लिलाम विक्री पछि दर्ता नामसारी हस्तान्तरण वा दाखिल खारेज हुन सक्ने नसक्ने विषयमा एकिन गर्नुपर्ने अवस्था रहेमा सम्बन्धित निकायमा लेखी त्यस्तो निकायले त्यस्तो मेसिनरी सामान औजार वा सवारी साधान दर्ता नामसारी हस्तान्तरण वा दाखिल खारेज हुन नसक्ने भनी प्रमाणित गरिदिएमा प्रमुख प्रशासकीय अधिकृतको आदेश लिई त्यस्तो मेसिनरी औजार वा सवारी साधन पुनः प्रयोग हुन नसक्ने गरी

खोली टुक्राइ त्यसमा रहेको धातु वा पत्रुमूल्य(Scrap Value)कायम गरी लिलाम बिक्री गरिने छ ।

ङ. उपदफा ख बमोजिम प्रकाशित सार्वजनिक सूचनामा कसैको दरखास्त नपरी वा परेर पनि लिलाम हुन नसकेमा घटीमा सात दिनको समय दिई पुनः एकपटक उपनियम ८ बमोजिम सूचना प्रकाशन गरी लिलाम विक्री गर्नुपर्ने छ ।

च. पुनः लिलाम वढाबढका लागि सूचना गर्दा पनि लिलाम हुन नसकेमा समितिबाट लिलाम गर्नुपर्ने सामानको पुनः मूल्याङ्कन गराइ नगरप्रमुखको जानकारीमा प्रमुख प्रशासकीय अधिकृतले लिलाम विक्री गर्नुपर्ने समान सिधै बिक्री गर्न सक्ने छ ।

छ. लिलाम विक्री भई आएको रकम नगरकार्यापालिकाको कोषमा दाखिला गर्नुपर्ने छ ।

**८.बोलपत्रबाट लिलाम विक्री गर्न सकिने**

यस कार्यविधिमा अन्यत्र जे जुन सुकै कुरा उल्लेख गरिएको भए पनि कुनै मालसमान वोलपत्रका माध्यमबाट लिलाम विक्री गर्न मनासिव देखिएमा मालसमान हेर्न सक्ने व्यवस्था मिलाइ २१ दिनको म्याद लिई बोलपत्र माग गर्न सकिने छ । यसरी बोलपत्र आह्वान गरिएकोमा बोल अंकको दश प्रतिशतले हुने रकम बराबरको बैंक जमानत वा धरौटी खातामा जम्मा गरेको भौचर बोलपत्र साथ राख्नुपर्ने छ । अन्य आवश्यक प्रकृया प्रमुख प्रशासकीय अधिकृतको आदेश बमोजिम सम्बन्धित शाखाले अवलम्बन गरी लिलामी प्रकृया सम्पन्न गर्न सक्ने छ ।

**९. विशेष प्रकृतिका मालसमानको व्यवस्थापनः**

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानुन बमोजिम लिलाम गर्न नमिल्ने र सडी गली वा अन्य कुनै तरीकाले नष्ट भई सकेका सामान प्रमुख प्रशासकीय अधिकृतको आदेशमा कम्तीमा २ जना नगरकार्यापालिकाका सदस्यको उपस्थितिमा सम्बन्धित शाखा प्रमुखले मुचुल्का खडा गरी सार्वजनिक रुपमा सडाउने जलाउने वा अन्य प्रकारले नष्ट गर्ने वा हटाउने काम गर्न सक्ने छ ।

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।०८।१८

प्रमाणीकरण मितिः २०७५।०८।२५

आज्ञाले,

डा. भीष्मकुमार भूसाल
प्रमुख प्रशासकीय अधिकृत